महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
बरेङ गाँउपालिका,
बागलुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७।०७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ९२ मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
बरेङ गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय,
बागलुङ ।

कैफियत सहितको राय

हामीले बरेङ गाँउपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ४२ लाख ६५ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु.२ लाख ११ हजार फछ्र्यौट भई असुल गर्नुपर्ने रू.७ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७९ लाख २६ हजार, नियमित गर्नुपर्ने रू.५२ लाख ७७ हजार र पेश्की ६० हजार रहेको छ ।पालिकाको गतवर्ष रु ३ करोड ४५ लाख ६३ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ४ करोड ७६ लाख ५४ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

बरेङ गाँउपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३४	३३	१४२६५	०	४	२११	३४	२९	१४०५४	७९१	५२७७	७९२६	०	०	१३२०३	६०

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बागलुङ	३४५६३	०	९६३	३३६००	०	१४०५४	४७६५४

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : वरेङ गाउँपालिका, बागलुङ , बरेंग गाउँपालिका , बागलुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Jit Bahadur Rana	२०७८-४-१०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Ramesh Thapa	२०७७-४-१	
लेखा प्रमुख	Gokul Sharma	२०७७-४-१	
		बेरुजु रकम	१४,२६४,९५०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,९१,२५,१११	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२७,५६,७८,०८०	चालु खर्च	२०,७८,०३,९०३
प्रदेश सरकारबाट अनुदान	१,४५,७७,०००	पूँजीगत खर्च	१२,२७,३२,८३२.८९
राजश्व बाँडफाँट	४,८१,९४,१३१.९	वित्तीय/अन्य व्यवस्था	७,१२,६८,१९७.१
आन्तरिक आय	२९,६९,३२१.४		
अन्य आय	७,०२,१९,८२०.७		
कुल आय	४१,१६,३८,३५४	कुल खर्च	४०,१८,०४,९३२.९९
बाँकी मौज्दात		३,८९,५८,५३१.९९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनकोमस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बरेङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बरेङ गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ७५.२८ वर्ग किलोमिटर क्षेत्रफल तथा १४ हजार ४९२ जनसंख्या रहेको छ ।	
३			**संचित कोष प्राप्ति र भुक्तानी** **बरेङ गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को २७२ अनुसार वित्तिय विवरण देहायबमोजिम रहेको छ ।**	

प्राप्तीभुक्तानी हिसाव								
विवरण	टिप्पणी	यसवर्ष रु.				गतवर्षरु.		
		बजेट	आफैलेगरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोभैभुक्तानी	जम्मा	आफैलेगरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोभैभुक्तानी	जम्मा
प्राप्ती (क+ख)		३७,३६,६६,८९२.७२	३५,६५,०४,४८०.५७		३५,६५,०४,४८०.५७	३१,१७,६७,९०७.४५		३१,१७,६७,९०७.४५
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३६,३१,१६,१३०	३७१९१९७०४	०	३४,५८,२७,६९९.९३	३१,१७,६७,९०७.४५	०	३१,१७,६७,९०७.४५
११००० कर	११	५,९०,३७,१३०	४,९७,६९,५०९.३०	०	४,९७,६९,५०९.३०	३,०५,४०,७४९.७३	०	३,०५,४०,७४९.७३
१३००० अनुदान		३०,३२,७९,०००	२९,४७,६५,३८०.६३	०	२९,४७,६५,३८०.६३	२७,७१,९४,७९८	०	२७,७१,९४,७९८
संघीय सरकार	१२	२८,०६,०२,०००	२७,५६,७८,०७९.६३	०	२७,५६,७८,०७९.६३	२५,६१,६५,०००	०	२५,६१,६५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय											बेरुजु रकम
				प्रदेश सरकार	१२	२,१०,७७,०००	१,७४,८७,३०१	०	१,७४,८७,३०१	२,१०,२९,७९८	०	२,१०,२९,७९८		
				अन्तरिक श्रोत	१२	१६,००,०००	१६,००,०००	०	१६,००,०००	०	०	०		
				१४००० अन्य राजस्व		८,००,०००	१२,९२,८१०	०	१२,९२,८१०	०	०	०		
				ख. अन्य प्राप्ति		१,०५,५०,७६२.७२	१,०६,७६,७८०.६४		१,०६,७६,७८०.६४					
				वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०		
				कोषहरु		१,०५,५०,७६२.७२	१,०६,७६,७८०.६४	०	१,०६,७६,७८०.६४	०	०	०		
				धरौटी		०	०	०	०	०	०	०		
				संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०			
				भुक्तानी (ग+घ)		३९,९६,५७,७६२.७२	३२,९९,७८,३६०.४९		३२,९९,७८,३६०.४९	१३,५७,९८,३३३.५१		१३,५७,९८,३३३.५१		
				ग. भुक्तानी (सञ्चित कोषबाट)		३८,९१,०७,०००	३२,२९,२७,४५३.९९		३२,२९,२७,४५३.९९	१३,५७,९८,३३३.५१		१३,५७,९८,३३३.५१		
				२१००० पारिश्रमिक / सुविधा	१८	१३,२७,७३,०००	११,५९,५२,५५५.५२	०	११,५९,५२,५५५.५२	३,४७,३९,५३८	०	३,४७,३९,५३८		
				२२००० मालसामान तथा सेवाको उपयोग	१८	१०,३९,००,०००	८,२५,२६,६०२.५८	०	८,२५,२६,६०२.५८	५८,७५,६४८	०	५८,७५,६४८		
				२५००० सहायता (Subsidy)	१८	३,००,०००	२,३९,९७५	०	२,३९,९७५	३७,२००	०	३७,२००		
				२६००० अनुदान	१८	०	०	०	०	२३,२३,८००	०	२३,२३,८००		
				२७००० सामाजिक सुरक्षा	१८	०	०	०	०	४,५२,२७,२१६	०	४,५२,२७,२१६		
				२८००० अन्य	१८	१८,००,०००	१४,७५,४८८	०	१४,७५,४८८	१,७९,७८०	०	१,७९,७८०		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

खर्च								
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१५,०३,३४,०००	१२,२७,३२,८३२.८९	०	१२,२७,३२,८३२.८९	४,७४,१५,१५१.५१	०	४,७४,१५,१५१.५१
घ. अन्य भूक्तानी		१,०५,५०,७६२.७२	७०,५०,९०६.५०		७०,५०,९०६.५०	१३,५७,९८,३३३.५१		१३,५७,९८,३३३.५१
कोषहरु		१,०५,५०,७६२.७२	७१,८४,४३२.५०	०	७१,८४,४३२.५०	०	०	०
धरौटी		०	०	०	०	०	०	०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			(१,३३,५२६)		(१,३३,५२६)			
ङ. यो वर्षको बचत (न्युन)		(२,५९,९०,८७०)	२,६५,२६,१२०.०८		२,६५,२६,१२०.०८	१७,५९,६९,५७३.९४		१७,५९,६९,५७३.९४
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२,५९,९०,८७०		२,५९,९०,८७०	२,०८,३२,४४२.९८		२,०८,३२,४४२.९८
वर्षान्तको बाकी रकम (ङ + च)		(२,५९,९०,८७०)	५,२५,१६,९९०.०८		५,२५,१६,९९०.०८	१९,६८,०२,०१६.९२		१९,६८,०२,०१६.९२
बैंक तथा नगद बाकी	२४		५,१४,९६,९९०.०८		५,१४,९६,९९०.०८	१२,२४,९२,७८३.५९		१२,२४,९२,७८३.५९

४

वित्तीय विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । · सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को संचितकोषको प्राप्ती तर्फ रु.३५६५०४४८०।५७देखिएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदान रु.२९४७६५३८०।६३, बाँडफाँडबाट प्राप्त रकम रु.४८१९४१३१।९० र आन्तरिक आम्दानी रु.२९६९३२१।४० समेत रु.३४५९२८८३३।९३ हुने देखिन्छ । सोही अनुसार हिसाब समायोजन गरेको छ । · पालिकाको म.ले.प.फा.२७२ को संचितकोषको भुक्तानीतर्फ रु.३०६६३९९००३२ मात्र देखिएकोमा उक्त रकममा सुत्रभन्दा बाहिरबाट भएको कारोबारहरु नभएकाले कुल खर्च समेत रु. ३०६६३९९००३२नै हुने देखिन्छ । भने धरौटी सुत्र भन्दा बाहिरकारोबार भएको देखिन्छ । · गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार संचितकोषको मौज्दात रु.२५९९०८७० अल्या गर्नुपर्नेमा रु.२५९९०८७०मात्र अ ल्या गरेकोले गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार नै समायोजन गरी हिसाब प्रस्तुत गरेको छ । · पालिकाको म.ले.प.फा.२७२ को अनूसूची २४ मा बैक बाँकी रु.४१२१२९४४।८२ देखाएकोमा सुत्रमा समावेश नभएका कारोबारहरु समावेश गर्दा उक्त मौज्दात रु.४१२१२९४४।८२ हुने देखिन्छ । · पालिकाले पेश गरेको आर्थिक विवरण तथा बैंक स्टेटमेन्ट अनुसार पालिकाको यथार्थ बाँकी मौज्दात रु.३२५२८९२७।२२ रहेको छ । म.ले.प.फा.२७२ को हिसाब समायोजन पश्चातको बाँकी रु.४१२१२९४४।८२ देखिएकोमा रु.८६८४०१७।६० ले फरक देखिएको सन्दर्भमा पालिकाले एकीन गर्नुपर्ने देखिन्छ। · पालिकाको एकीकृत आर्थिक विवरण अनुसार यथार्थ बाँकी रकम रु.२६१३९३९३।८३ रहेको देखिन्छ भने बैंक स्टेटमेन्ट अनुसार बाँकी रु. ३२५२८९२७।२२ देखिन्छ । जस अनुसार रु.६३८९५४३।४ फरक देखाएको छ । यसको कारण विविध स्रोतबाट संचित कोषमा जम्मा हुन आएको र दायित्व भुक्तानी बाँकी हुँदा फरक परेको पालिकाको भनाई रहेको छ । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
५			**अनुदान फिर्ता** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रु. २८०२०२०२.३७ मध्ये संघीय शसर्तको रकम रु. *२३२६४७०५।४३ मिति २०७८।४।५ मा फिर्ता भएको छ । संघीय*	१०,१८२.५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			विशेष अनुदान र समपुरकको रकम ठेक्का गराएको र भुक्तानी दिन दायित्व सिर्जना भएको कारण कार्यपालिकाको निर्णय गराएर फर्ता नगरेको र चालु आ व मा सोहि रकम बराबरको कार्यसम्पन्न भई भुक्तानी दिएको पालिकाको भनाई रहेको छ । साथै प्रदेश समपुरक फिर्ता गर्न बाँकी देखिन्छ । प्रदेश समपुरकको रकम पालिकाले फिर्ता नगरेको देखिएकाले फर्ता गर्नुपर्ने रु.	

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	१७५५३५०७९.६३	१५२२७०३७४.२०	२३२६४७०५.४३
	विषेश	१००५३०००	६२५३३९५.५०	३७९९६०४.५०
	समपुरक	१४४९००००	१३५४४२९०.०६	९४५७०९.९४
	अन्य	०	०	०
प्रदेश सरकार	शसर्त	२९१०३०१	२९१०३०१	०
	विषेश	०	०	०
	समपुरक	२५००००००	२४८९८१७.५०	१०१८२.५०
	अन्य	०	0	0
	जम्मा	**२०५४८८३८०.६३**	**१७७४६८१७८.२६**	२८०२०२०२.३७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**बैंक हिसाब मिलान नगरेको** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिकरुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरकपर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ। सुत्रमा वास्तविक निकासाबाट नभइ बजेट बाट खर्च घटाएकाले फरक पर्न गएको पालिकाको भनाई रहेको छ ।	

सि.नं.	खाताको नाम	श्रेस्ता बाँकी	बैंक बाँकी	फरक
१	सञ्चितकोष	७२२९१७३.४०	१०३८१५७६.९१	-३१५२४०३.५१
२	सञ्चितकोष चालु	८९४३२९४.२२	९२७७८६७.८०	-३३४५७३.५८
३	सञ्चितकोष पूँजीगत	५०६०६७५.४६	१२८६३५६२.५१	-७८०२८८७.०५
४	प्रकोप व्यवस्थापन कोराना	२५७९२११.१४	४११८४९.३२	२१६७३६१.८२
५	विविध खर्च	०	२७९६१६.५०	-२७९६१६.५०
	जम्मा	२३८१२३५४.२२	३३२१४४७३.०४	-९४०२११८.८२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**आन्तरिक नियन्त्रण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन। · पालिकाले२०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। · कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरे कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन। · राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन। · अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन। · स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । · स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन। · दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो। · वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन। · पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो। · जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । · मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा ई-टीडिएस गरेको छैन। · कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । · सार्वजनिक खरिद नियमावली, २०६४को नि७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयारगर्नुपर्नेमा तयार गरेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको, · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्तदिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको। · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको। · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको। · विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, · वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, · सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले लेखापरीक्षणको क्रममा उक्त विवरण उपलब्ध नगराएकोले एकिन गर्न सकिएन। · निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.९करोड ५३ लाख ५६ हजार खर्च गरेको देखियो।	
८			**कर्मचारी दरबन्दी पदपुर्ति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १० जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
९			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री डिल कुमारी पुनले मिति २०७७.३।५ गते रु.३४ करोड ९८ लाख ७० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।५मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**क्षेत्रगत बजेट र खर्चको स्थिति** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	
११			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म तथा मृत्यु दर्ता ५०७, वसाईसराई १३५, विवाह दर्ता ९९, सम्बन्ध विच्छेद १ र अन्य कति दर्ता भएको भन्ने विवरण प्राप्त भएन।पालिकालेअन्यमा संख्या दर्ता समेत भएको भनिएकोमा कुन कुन हो भनी एकिन गरी नपठाएकोले पंञ्जीकरणबाट यथार्थ विवरण प्राप्त नभएकोले पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन।पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२९३९००००	२१५४४५५८.२७	६.६७
सामाजिक क्षेत्र	१८३९४१०००	१५९६२२९८३.२०	४९.४३
पूर्वाधार विकास क्षेत्र	१२५३०३०००	९८७४७०५१.२३	३०.५८
वित्तीय व्यवस्थापन र सुशासन	१०८६३०००	९७२०१०८.९९	३
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	३९६१००००	३३२९२७५२.३०	१०.३१
जम्मा	**३८९१०७०००**	**३२२९२७४५३.९९**	१००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**कानुन निर्माण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ६वटा नियमावली, ३६कार्यविधि लगायत ५० वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ५० वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१३			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार अघिल्लो वर्षको १ अल्या भएको र यो बर्ष थप भएको १० विवाद दर्ता भएकोमा ८ वटा फछ्र्यौट भई ३ विवाद बाँकी भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**चौमासिक खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कूल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
	विभिन्न	१२२७३३	१३६०५	३८७७८	७०३५०	५२५४२
	खर्च प्रतिशत	१००	**११.०८**	**३१.६०**	**५७.३२**	**४२.८१**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष राहत उद्धार तथा पुनर्स्थापना खर्च सहायतामा ७ लाख बजेट छुट्याएकोमा ७ लाख खर्च भएको छ ।केही गोश्वारा भौचरको नमूना छनौट गर्दा कार्यालयले विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता वितरण गरेको छ । कार्यालयले आर्थिक सहायता वितरणको मापदण्ड र कार्यविधि तर्जूमा नगरी वितरण कार्य गरेकोले यस्ता प्रकारका खर्चहरु नियन्त्रण हुनुपर्दछ ।केही उदाहरणहरु:	

भौ.नं./मिति	सहायता प्राप्त गर्ने व्यक्ति संस्था	सहायता रकम
२१०।०७८।१।३	अखिल नेपाल युवा संघ	१५०००
२४०।२।३६	नेपाल पत्रकार महासंघ	२५०००
जम्मा		४००००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**अनुत्पादक तथा वितरणमुखी खर्च** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.८९३१९० खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	

भौ।मिति	**भुक्तानी पाउने संस्थाको नाम**	**प्रयोजन**	**रकम**
१९५।०७७।१२।११	बधशाला निर्माण उपभोक्ता समिति	बधशाला निर्माण	१९१०००
२९३।०७८।३।९	नारी समूह	नारी दिवस कार्यक्रम संचालन	१७१९०
३२२।०७८।३।१८	डाँडाथोक नौमति बाजा समूह	बाजा खरिद	५००००
३२५।०७८।३।१८	विभिन्न व्यक्ति	मासु पसल सुधार कार्यक्रम	५००००
३३१।०७८।३।१८	डाँडाथक नौमति बाजा समूह क	बाजा खरिद	५००००
३४१।०७८।३।१८	सुखौरा पन्चेबाजा संरक्षण समिति	बाजा खरिद	५००००
२३६।०७८।३।११	ओख्रेनी भवन निर्माण उ स	सामुदायिक भवन निर्माण	४८५०००
	जम्मा		८९३१९०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**खर्च विश्लेषण** पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.२९६९३२१।४० राजस्व बाँडफाँड रु.४८१९४१३१।९० अल्या रु २५९९०८७० र अनुदानबाट रु.३७१९१९७०३।९३ समेत रु.३४५९२८८३३।९३आम्दानी भएकोमा चालुतर्फ रु.२००१९४६२१।१०र पूँजीगततर्फ रु.१२२७३२८३२।८९ समेत रु.३२२९२७४५३।९९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १ प्रतिशत रहेको छ ।यस वर्ष पदाधिकारी सुविधामारु.६७४७४४४।९८खर्च भएको छ जुन आन्तरिक आयको२३६ प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५४ प्रतिशत चालु र ३३ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ	
१८			**पदाधिकारी पारिश्रमिक कर** आयकर ऐन २०५८ को दफा ८ को उपदफा २ क अनुसार ज्याला,तलब,अतिरिक्त समय काम गरेबापतको रकम तथा अन्य सुविधा बापतको भुक्तानी आदिलाई रोजगारीबाट भएको आय गणनामा समावेश गरिने व्यवस्था रहेको छ। त्यस्तै गरि उक्त ऐनको दफा ३ क मा कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्तिलाई यस ऐन बमोजिम कर लगाइने व्यवस्था रहेको छ । प्राकृतिक व्यक्तिका लागि आर्थिक वर्ष २०७७।७८ को आयकर दर अनुसार कर लाग्ने प्रावधान रहेको छ । कार्यालयले निम्नानुसारका पदाधिकारीहरुको बार्षिक आय गणना गरी कर कट्टी गरेको नदेखिएकोले निम्नानुसारको कर असूल हुनुपर्ने देखिएको रु.	८,१९०

क्र सं	नाम	कुल कर योग्य वार्षिक आय	कट्टी गर्नुपर्ने रकम	कट्टी गरेको रकम	नपुग कर कट्टी रकम
१	दिल कुमारी पुन उपाध्यक्ष	५४१०००	१३६००	५४१०	८१९०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**करार कर्मचारी** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १९ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.६९६५४०० खर्च लेखेको छ ।विभिन्न पदमा ४३ जना सशर्तका दरबन्दी भित्रका करार नियुक्ति गरी बर्षभरिमा रु१५७६३८०० समेत रु.२२७२९२०० भुक्तानी गरेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको पदमा प्राविधिक तर्फ २ जनाको रु ९०४९१० र स्वास्थ्य तर्फ १२ जनाको रु ३१६८००० गरी करार सेवामा राखि रु.४०७२९१० भुक्तानी गरेको देखिन्छ ।पालिकामा प्राविधिक कर्मचारीको अभाव भएको र कोभिड १९ को समयमा अत्यावश्यक सेवा प्रवाहलाई सहज बनाउन कार्यविधि बनाएर सेवा प्रवाह गर्नका लागि करारमा राखिएको पालिकाको भनाई रहेको छ। ऐन बमोजिम स्वीकृत दरबन्दी मात्र राख्नेतर्फ पालिकाले ध्यान दिनुपर्छ ।	
२०			**खाना तथा विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु+=१७९६९०७खर्च गरेको छ ।गाँउपालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति सँख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । गाँउपालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र सँलग्न गरी बिबिधशीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>तलबमा बढी निकासा
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं १.१.३.३ र १.१.३.४ बमोजिम तोकीएको दर तथा शिक्षक किताबखानाले तोकेको ग्रेड हुनेगरी शिक्षकहरुको तलब भत्ता दिनुपर्छ । केहि विद्यालयको नमूना परीक्षण गर्दा देहायबमोजिमका विद्यालयमा बढी निकासा गएको देखिएकाले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>हुनुपर्ने निकासा</th><th>भएको निकासा</th><th>बढी निकासा</th><th>कैफिएत</th></tr>
<tr><td>सर्वोदय मा वि</td><td>११०६६२२</td><td>११३८१२२</td><td>३१५००</td><td>दोस्रो त्रैमासिकमा मा वि मा बढी निकासा गएको</td></tr>
<tr><td>पुरुषोदय मा वि</td><td>१०९६००</td><td>१५१६५३</td><td>४२०५३</td><td>सुदिप श्रेष्ठ २०७७।८।२४ मा नियुक्ती भएकोमा निजको दोश्रो त्रैमासिकमा सबै तलब गैसकेको र तेस्रो त्रैमासिकमा पुन छुट भनि निकासा भएको देखिएकाले दोहोरो निकासा भएको</td></tr>
<tr><td>भृकुटी मा वि</td><td>१२०५३३</td><td>१२२४४०</td><td>१९०७</td><td>इन्द्र पुनको तेस्रो त्रैमासिकमा बढी निकासा भएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>७५४६०</td><td></td></tr>
</table></td><td>७५,४६०</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>ल्याव व्यवस्थापन अनुदानः
कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१० बमोजिम ल्याव व्यवस्थापनका लागि पुरुषोदय माध्यामिक विद्यालयलाई रु.२००००० अनुदान दिएकोमा सो रकमको ल्याव व्यवस्थापन गरेको विल भरपाई विद्यालयले पालिकामा पेश नगरेको र पालिकाबाट समेत सोको अनुगमन भएको समेत नदेखिएकाले ल्याव व्यवस्थापन भयो वा भएन एकीन गर्न नसकिएकाले ल्याव सामाग्रि खरिद विल भरपाई, दाखिला रिपोर्ट र अनुगमन प्रतिवेदन समेत पेश गर्नुपर्ने रु.</td><td>२००,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**विद्यालय संचालन तथा व्यवस्थापन अनुदान** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१० बमोजिम पालिका भित्रका १ देखि ५ कक्षा संचालनलाई १५ हजार, १ देखि ८ कक्षा संचालनलाई रु २० हजार, १ देखि १० कक्षा संचालन भएकालाई रु.२५ हजार र १ देखि १२ कक्षा संचालन भएका विद्यालयलाई रु.३0 हजारका दरले ३५ विद्यालयलाई अनुदान रु.६२५००० प्रदान गरिएकोमा विद्यालयबाट के कति रकम के के मा खर्च भयो भन्ने खर्च विवरण विद्यालयले पेश नगरेको हुँदा सो सन्दर्भमा पालिकाले अनुगमन गर्नुपर्दछ ।	
२४			**सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण** कार्यक्रम कार्यान्वयन पुस्तिका क्रियाकलाप नं ५.१ मा विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण गर्नका लागि आधारभूत विद्यालयलाई प्रतिविद्यालय रु.१०००० र माध्यमिक विद्यालयकालई प्रति विद्यालय रु.१५००० का दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । साथै विद्यालयहरुलाई विद्यालय सुधार योजनाका लागि माध्यामिक तहलाई रु.२०००० र आधारभूत तहलाई रु.१५००० का दरले अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । यस पालिकाबाट विद्यालय सुधार योजनाका लागि रु.५६०००० र सामाजिक लेखापरीक्षण बापत ३५ वटा विद्यालयहरुलाई रु.३८५००० अनुदान निकासा भएकोमा सबै विद्यालयको विद्यालय सुधार योजना प्राप्त भएको छ भने सामाजिक लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छैन । तसर्थ सामाजिक लेखापरीक्षणको प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने रु.	३८५,०००
२५			**छात्रवृति अनुदान** पालिकालेकार्यक्रम कार्यान्वयन पुस्तिकाको आधारमा छात्रा, दलित र अपाङ्ग लाई छात्रवृति वितरण इमिसको आधारमा ३५ वटा विद्यालयलाई क्षात्रवृतिमा कुल रु.६९३५८५ निकासा गरेको छ ।गाउँपालिकाले विद्यालयलाई निकासा दिएको छात्रवृत्ति रकम वितरण गरे नगरेको सम्वन्धमा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन। पालिकाले छात्रवृत्ति निकासा दिएको रकम विद्यालयले सोही प्रयोजनमा खर्च गरेको यकिन गर्नुपर्दछ। यो वर्ष छात्रवृत्ति निकासा दिएको रकम विद्यालयले विद्यार्थिलाई वितरण गरेको भरपाई पेश गरेका छैनन्। उक्त निकासा भएको रकम वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन समेत भएको पाईएन। तसर्थ पालिकाबाट अनुगमन हुनुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**कोभिड रोकथाम तथा व्यवस्थापन खर्चः** आ=व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण तथा नमुना छनौटको आधारमा श्रेस्ता परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेको छ।	

आम्दानी स्रोत	रकम	खर्च शिर्षक	रकम
संघिय कोभिड कोषवाट र प्रदेश बाट अनुदान	१०००००००	अस्थायी कोरोना अस्पताल संचालन	९७९५००
अल्या २.०७६।०७७	१५५०७६२।३२	औषधी, स्वास्थ्य उपकरण तथा सामाग्री खरिद	९४३७००
स्थानीय तह आफ्नै स्रोत संघीय सरकार समानिकरण	४५०००००	जनशक्ती परिचालन	२१३५४७१
स्थानीय तह आफ्नै स्रोतबाट	६२०८०६।६८	आईलेशन केन्द्र	९७२२७०।१८
		अन्य शिर्षकमा	२२२८७७८।५
		बाँकी	४११८४९।३२
जम्मा	७६७१५६९	जम्मा	७६७१५६९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**पेश्की व्यवस्थापन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा व्यवस्था भए बमोजिम समयमै पेस्की फछ्र्यौट गर्नुपर्दछ । कार्यालय बाट यस आर्थिक वर्षमा सुरक्षित नागरिक आवास अन्तर्गत ५० वटा घर परिवारलाई भुक्तानी गरेकोमा निम्नानुसारको व्यक्तिको नाममा रहेको पेश्की आर्थिक वर्षकोअन्तमा फर्स्यौट नभइ वाँही देखिएकोले नियमानुसार अशुल फर्स्यौट हुनुपर्ने रु	६०,०००

गो.भा. न र मिति	व्यक्तिको नाम	वापत	रकम
२१।२०७८।१।१९	बुधे दमाई	सुरक्षित नागरिक आवास	३००००
२८।२०७८।१।२०	पार्वती सार्की	सुरक्षित नागरिक आवास	३००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोतः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सँकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सँकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनु पर्ने देखियो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**राजस्व रकम समयमा दाखिला नभएकोः** प्रदेश नं. ४ को प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोवार गर्ने बैंकमा सोही दिन वा कावु बाहिरको परिस्थिति परी सोही दिन दखिला हुन नसकेमा सोको भोलीपल्ट संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाका ५ वडाबाट प्राप्त हुने भूमिकर, नक्सापास दस्तुर, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर लगाएतका शिर्षकबाट संकलित रु १८ लाख ८२ हजार समयमा दाखिला नगरी संकलन भएको लामो सयम पश्चात मात्र दाखिला भएको पाइयो।संकलित रकम समयमा दाखिला नहुँदा आम्दानीको समयमा प्रतिवेदन दिने तथा दुरुपयोग समेत हुन सक्ने भएकोले पालिकाले संकलित रकमलाई सयममै दाखिला गर्ने तर्फ ध्यान दिनु पर्दछ।	
३०			**रसिद ठेलीको प्रयोगः** पालिकाले रसिद छपाई गर ी पालिका वडाबाट प्राप्त भएको आम्दानी सकंलन गर्न प्रयोग गरिने नगदी रसिद ठेली के कति वितरण भयो र वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाण समेत सम्लग्न गरी नगदी रसीद आ।ब को अन्त्यमा कार्यालयले फिर्ता लिनुपर्दछ।पालिकाले यो वर्षको कर संकलन गर्न विगत वर्ष जारी गरेका रसिद समेत प्रयोग गरेको देखियो।चालु वर्षको लागि वितरण गरेको रसिद बाहेक अन्य रसिदबाट समेत आम्दानी गर्दा रसिदको दुरुपयोग हुनसक्ने र संकलित आय संञ्चित कोष दाखिला नहुने जोखिम रहन्छ।पालिकाबाट लकडाउन अवधिमा मानिसहरुको भिडभाडलाई नियन्त्रण गर्ने उद्धेश्यले ईलाका प्रहरी कार्यालय बरेङ डाँडाँलाई नगदी रसिद नं ४८०१ देखि ४९०० सम्मको २ ठेली रसिद प्रदान गरेकोमा १ ठेली मात्रै फिर्ता भएको र रसिद नं ४८०१ देखि ४८५० सम्मको रसिद ठेली फिर्ता नभएको देखिएकोले पालिकाले बाँकी ठेली फिर्ता गर्न लगाई के कति मात्रामा राजस्व संकलन भएको छ एकिन गरी दाखिला गर्नुपर्दछ ।तसर्थ रसिद नियन्त्रण खाता व्यवस्थित गरी चालु वर्ष जारी भएका रसिद मात्र प्रयोग गर्ने र वर्षान्तमा बाँकी रहेका रसिदहरु फिर्ता गरी पुन नयाँ रसिद जारी गर्ने व्यवस्था मिलाई सम्पूर्ण आम्दानी दाखिला भएको सुनिश्चत गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ।	
३१			**राजस्व अनुमान तथा असुलीः** पालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रू.२० लाख राजस्व संकलन हुने अनुमान गरेकोमा पालिकाबाट प्राप्त अभिलेख अनुसार यस वर्ष रू.२१६९३२१।४० राजस्व संकलनभएकोदेखिन्छ ।पालिकाले गरेको अनुमानको तुलनामा ३०।३३ प्रतिशत राजस्व आम्दानी भएको देखिन्छ ।पालिकाले शिर्षकगत आम्दानी अभिलेख नराखेको कारण शिर्षकगत अनुमान तथा प्राप्तिको अवस्था विष्लेषण गर्न सकिएन ।तसर्थ पालिकाले आयको शिर्षकगत अभिलेख थप व्यवस्थित राख्ने तथा असुली प्रकृयाप्रभावकारी वनाई राजस्व संकलन वढाउनु पर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**नमुना परीक्षणः** आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८(४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ ।यस पालिका अन्तर्गतका २ वटा वडाहरुको परीक्षण गर्दा दुवै वडाहरुले समयमा दाखिला नगरी एक आर्थिक वर्षमा तीनपटक मात्र दाखिला गर्ने गरेको पाईयो । भौगोलिक विकटताका कारण दैनिक दाखिला सम्भव नभएतापनी सक्दो छिटो समयमै दाखिला गर्ने तर्फ पालिका तथा सम्बन्धित पक्षको ध्यान जानु पर्दछ।	
३३			**रसिद नियन्त्रण खाताः** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार प्रत्येक स्थानीय तहले आन्तरिक आम्दानीहुने रकमहरुको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रबिष्टी गरी तोकिएको समयमा बैंक दाखिला गर्नुपर्छ । कार्यालयले राजश्व असूलीमा प्रयोगहुने रसिदहरु मध्ये गत विगतका कति रसिद बाँकी थिए, यस वर्ष के कति छपाई गरियो र यो वर्ष वडा कार्यालयहरु, दहत्तर बहत्तरको असुली लगायत गाउँपालिकाकार्यालयले प्रयोग गर्ने गरी कति खर्च भयो, के कति आगामि बर्षको लागि जिम्मेवारी सारेको छ, सो खुल्ने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाताको व्यवस्थित अभिलेख नहुँदा आर्थिक वर्षभरी जारी गरीएका सवै नगदी रसिदबाटहुनुपर्ने आम्दानी प्राप्त भयो भएन एकिन हुन सकेन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखी सवै रसिदबाट उठेको रकम दाखिला भएको एकिन गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४	५९	२०७८-३-७	**प्रयोगात्मक तथा अतिरिक्त कक्षा संचालन** अतिरिक्त आधारभूत प्रयोगात्मक कम्प्युटर शिक्षा संचालन र अतिरिक्त कक्षा संचालन वापत अनुदान भनी पालिकाले ९ वटा विद्यालयलाई रु.५००००० भुक्तानी गरेको देखिन्छ । सो कक्षा संचालनका लागि शिक्षक कसरी नियुक्ती गरियो, अतिरिक्त कक्षा कति समय संचालन भयो, अतिरिक्त कक्षामा के कति विद्यार्थी सहभागी भए आदि खुल्ने प्रमाण पेश नभएकाले सो प्रयोगात्मक तथा अतिरिक्त कक्षा संचालन भयो वा भएन भन्न सकिने अवस्था नरहेकाले खर्चको आधार पुष्टि हुने प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.	५००,०००

क्र सं	विद्यालयको नाम	आधारभूत प्रयोगात्मक कम्प्युटर शिक्षा	अतिरिक्त कक्षा संचालन
१	सर्वोदय मा वि	३००००	४५०००
२	भृकुटी मा वि	३००००	४००००
३	शारदा मा वि	३००००	५५०००
४	वाल विकास आ वि	३००००	२००००
५	ज्ञानोदय आ वि	१००००	२००००
६	महेन्द्र मा वि	३००००	४००००
७	धुल्लुलिउँवा मा वि	०	४००००
८	पुरुषोदय मा वि	०	४५०००
९	सल्यान सुखौरा मा वि	०	३५०००
	जम्मा	१६००००	३४००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**कर्मचारी पारिश्रमिक कर** आयकर ऐन २०५८ को दफा ८ को उपदफा २ क अनुसार ज्याला,तलब,अतिरिक्त समय काम गरेबापतको रकम तथा अन्य सुविधा बापतको भुक्तानी आदिलाई रोजगारीबाट भएको आय गणनामा समावेश गरिने व्यवस्था रहेको छ । त्यस्तै गरि उक्त ऐनको दफा ३ क मा कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्तिलाई यस ऐन बमोजिम कर लगाइने व्यवस्था रहेको छ । प्राकृतिक व्यक्तिका लागि आर्थिक वर्ष २०७७।७८ को आयकर दर अनुसार कर लाग्ने प्रावधान रहेको छ । कार्यालयले निम्नानुसारका कर्मचारीहरुकोबार्षिक आय गणना गरी कर कट्टी गरेको नदेखिएकोले निम्नानुसारको कर असूल हुनुपर्ने देखिएको रु.	९,३७५

क्र सं	नाम	कुल कर योग्य वार्षिक आय	कट्टी गर्नुपर्ने रकम	कट्टी गरेको रकम	नपुग कर कट्टी रकम
१	कृष्ण बहादुर थापा	५०१८७०	९६८७	५०१२	४६७५
२	राजन कार्की	५०१८७०	९६८७	५०१२	४६७५
	जम्मा				९३७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६	३०५	२०७८-३-११	**बढी भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ३९ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ।भौचर नं ३०५।०७८।३।११ बाट पाडापाडी संरक्षण का लागि विरेन्द्र श्रेष्ठसंग पालिकाले २०७७।१०।८ मा गरेको सम्झौता अनुसार ५० प्रतिशतको लागत साझेदारी हुने उल्लेख छ । सो काममा प्राविधिक मूल्यांकन अनुसार रु.१२९१४३.६६ बराबरको कार्यसम्पन्न भएको देखिन्छ । जसको ५० प्रतिशत रकम रु.६४५७२ भुक्तानी दिनुपर्नेमा रु.१००००० भुक्तानी दिएको देखिएकाले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.	६४,५७२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**वोयर बोका खरिद** यस वर्ष पालिकाले ७५% अनुदानमा ४ वटा ५०% वोयर रु.१४०००० र २ वटा ७५% वोयर बोका रु.१३५०००० मा खरिद गरी विभिन्न वडामा वितरण गरेको देखिन्छ । जसमा पालिकाले कुल रु.२९६२५० भुक्तानी गरेको छ भने समूह वा व्यक्तिबाट अन्य खर्च वेहोरेको देखिन्छ । उक्त खरिद गरिएका पशुधनको विमा गरेको, स्वास्थ्य रहेको तथा उन्नत जातको जस्तै: बोका ५०% र ७५% वोयर भएको देखिने विल वा जन्मको विवरण वा प्रतिशत रहेको खुल्ने कागजात लेखापरीक्षणको क्रममा पेश भएन् । त्यसैंगरी पालिकाबाट अनुगमन समेत गरेको नदेखिएकोले वितरण गरीएको पशुधनको अवस्थाबारे जानकारी प्राप्त गर्न सकिएन् । यस सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ ।	
३८			**जिन्सी खातामा दाखिला भएको प्रमाण पेश नभएको** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ मा आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सात दिन भित्र आम्दानी बाँधी लगत अध्यावधि गराउनु पर्दछ । लिउवा समाज सुधार कृषि तथा पशुपालन समुहलाई ७५ प्रतिशत अनुदानमा चिलिङ भ्याट १ थान ,मिल्क क्यान ५ थान र मोटर १थान समेत रु ५०००००।०० भुक्तानी गरेकोमा सम्वन्धित सँस्थाको जिन्सी खाताम आम्दानी बाँधेको जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेकोले जिन्सी खातामा दाखिला भएको प्रमाण पेस हुनु पर्ने रु	५००,०००
३९	११२	२०७८-३-९	**सक्कल विल विजक पेश नभएको** कार्यालयले प्रतिस्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम अन्तर्गत कर्मचारीको भ्रमण खर्च बापतको रकम भुक्तानी गरेको छ ।सोही फाईलमा दुईवटा आधारभूत विद्यालयहरुको वेभ साइट निर्माण कार्यको भुक्तानी कागजातहरु समेत संलग्न रहेको पाइयो । यसबारे भौचरमा कुनै विषय उल्लेख गरीएको छैन । यस प्रकार खडा गरिएको स्रेस्ता प्रभावकारी देखिएन ।वेभ साइट निर्माण कारोबारको भौचर तथा सक्कल बिल बिजक सहित बेग्लै स्रेस्ता तयार गरी नियमित गर्नुपर्नेभनि आन्तरिक लेखापरीक्षण वाट औंल्याइएको वेरुजु नियमित नभएको रु...	९६,०५०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>भुक्तानी दिन वाँकीको कच्चावारी वेगर भुक्तानी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० (७) अनुसार विशेष कारण र परिस्थितीवश चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गतेभित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रण कार्यालबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले गो भा.न २। ०७७।७।३ मा झोलुङ्गे पुलको स्टिल पार्टस खरिद वापत एस.के.इन्जिनियरिङ इन्डस्ट्रिजलाई रु. ९४९४०३।८० खर्च लेखेकोमा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रण कार्यालबाट प्रमाणित गराई राख्नुपर्नेमा सो नगरी सिधै यस आर्थिक वर्षमा भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.</td><td>९४९,४०४</td></tr>
<tr><td>४१</td><td>१७७</td><td>२०७८-१२-१२</td><td>प्राविधिक मुल्याङकन पेश नभएको
१७७।०७७।१२।१२ पालिकावाट भएको कार्य तथ कार्यक्रमको अनुगमन हुनु पर्दछ ।पालिकाले यो वर्ष पुँजिगत शिर्षकवाट कार्य गराउदा निम्न साइजका ग्यावन जालि खरिद गरी वितरण गरेको पाईयो । खरिद गरिएको जालि वितरण गरेको भएता पनि उक्त जालीहरु प्रयोग भए नभएको सम्वन्धमा प्राविधिकवाट मुल्याङकन साथै पालिकावाट अनुगमन मुल्याङकन समेत नभएको देखिएकोले वितरण गरिएका जालि प्रयोग भए नभएको सम्वन्धमा प्राविधिक मुल्याङकनका साथै अनुगमन मुल्याङकन प्रतिवेदन पेश हुनु पर्ने रु

<table>
<tr><th>जालिको साइज</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>३*१*१</td><td>८०</td><td>३७२४४८</td></tr>
<tr><td>२*१*१</td><td>८०</td><td>२६८४८८</td></tr>
<tr><td>१.५*१*१</td><td>८४</td><td>२०५०२७</td></tr>
<tr><td>जम्मा</td><td>२४४</td><td>८४५९६३</td></tr>
</table></td><td>८४५,९६३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**एक घर एक महिला रोजगार कार्यक्रम** पालिकाले एक घर एक महिला रोजागर कार्यक्रम संचालन कार्यविधी, २०७७ बनाएको छ । जसमा सहकारीबाट ऋण लिने उद्यमशिल सहिलालाई ६ प्रतिशत व्याज सहुलिएत दिने व्यवस्था गरेको देखिन्छ ।जसका लागि पालिकाले रु.३ लाख बजेट विनियोजन गरेको देखिन्छ । यसरी ऋण सहुलिएत दिएका उद्यमी व्यवसायीहरुको उद्यम तथा व्यवसायको पालिकाले अनुगमन गरेको देखिएन । यसरी पालिकाले सहुलियत ऋण प्रदान गर्ने तर अनुगमन नगर्दा ऋण प्रदान गरेका उद्यमि तथा व्यावसायीले प्राप्त गरेको ऋण तोकिएको ठाउँमा प्रयोग भयो वा भएन भन्ने एकिन गर्न नसकिने हुँदा अनुगमन गरी उनिहरुलाई थप जिम्मेवार बनाउने तर्फ ध्यान दिनुपर्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**जिन्सी दाखिला नभएको** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम 95.1 अनुसार सार्वजनिक निकायले खरिद भएको मालसामानको विवरण तथा मूल्य खुलाई सात दिन भित्र खाता पाना स्पष्ट हुनेगरी जिन्सी दाखिला गरी आम्दानी जनाउनुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम १०० मा सरकारी सम्पत्ती तथा जिन्सी मालसामानको श्रेष्ता महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । देहायबमोजिमका विद्यालयहरुले विभिन्न सामाग्रीहरु खरिद पश्चात जिन्सी दाखिला नभएको र सोको पालिकाबाट अनुगमन समेत नभएको आन्तरिक तथा अन्तिम लेखापरीक्षणमा देखिएकाले सामाग्रीहरुको खरिद गरेको हो वा होइन र सोको सही प्रयोग भएको छ वा छैन भन्ने एकीन गर्न नसकिएकाले जिन्सी दाखिला भएको प्रमाणका साथै अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.	२,१७४,८७८

भौचर नं/मिति	विद्यालयको नाम	खरिद गरिएको सामाग्री	रकम रु
७१।०७८।३।१८	धुल्लु लिउँवा मा वि	कम्प्युटर ल्यावका सामाग्री खरिद	५००००
७१।०७८।३।१८	सर्वोदय मा वि	विज्ञान प्रयोगशालाका सामाग्री खरिद	१०००००
१३८।०७८।३।२०	महेन्द्र मा वि	विज्ञान प्रयोगशालाका सामाग्री खरिद	५८८८५०
६९।०७८।३।२०	महेन्द्र मा वि	फर्निचर र विज्ञान सामाग्री खरिद	१८९६७६
१२५।०७८।३।१८	धुल्लु लिउँवा मा वि	आइ सि टी सामाग्री खरिद	६२८०००
६५।०७८।३।२०	बाल विकास आ वि	आई सि टी तथा फर्निचर खरिद	६१८३५२
	जम्मा		२१७४८७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**स्यानेटरी प्याड खरिद** सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले शिलबन्दीबाट १७९३३ प्याकेट सेनिटरीप्याड खरिद गरी लाइफ केयर स्यानिटेरी एण्ड न्याप्किन उद्योग एण्ड सप्लायर्स प्रा लिलाई गो.भौ.नं.१६२।०७८।३।३० बाट रु.५५१५२३ भुक्तानी गरेको छ। छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद वितरण छ। साथै प्याडको स्याप्पल हेर्दा खरिद मूल्य र मापदण्ड बमोजिमको स्पेशिफिकेशन खुल्ने विवरण उल्लेख गरेको देखिएन । साथै पालिकाबाट सो स्यानिटरी प्याड मापदण्ड बमोजिमको हो वा होइन परीक्षण नगरी भुक्तानी दिएको देखिन्छ। जसले गर्दा स्वास्थ्य मापदण्ड बमोजमिको प्याड खरिद भयो वा भएन एकीन गर्न सकिएन । क) पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिए अनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ। ख) सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी २०७६ को दफा ३१ अनुसार विद्यालयले चौमासिक रुपमा कार्यक्रम कार्यान्वयनको चौमासिक विवरण स्थानीय तह र समाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेमा पठाएको देखिएन ।	
४५			**मर्मत आदेश** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चका प्रमाण सहितको लेखाराख्नुपर्ने उल्लेख छ। पौडेल वर्कसपबाट इलाका प्रहरी कार्यालय बरेङको मोटरसाइकल मर्मत भनि विल पेश गरी रु.५१३५० भुक्तानी लगेकोमा कार्यालयबाट मर्मत आदेश स्वीकृत भएको नदेखिएकाले उक्त रकमबाट मर्मत भयो वा भएन साथै पालिकाको आदेश विना भुक्तानी लगेको हो वा होइन एकिन गर्न नसकिएकाले मर्मत आदेश पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.	५१,३५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६			**शिक्षक दरबन्दी पदपुर्ति** स्थानीय तह अन्तर्गत रहेका सामुदायिकविद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। विद्यालय: ३५ वटा विद्यालय; शिक्षक दरवन्दी: १६७; स्थायी पदपुर्ती: १५०; पदपुर्ती मध्ये करार: १७; विद्यार्थी संख्या: २९३७ यससम्बन्धमा निम्नानुसार देखिएको छ । · स्थानीय तह मातहतमा रहेका३५ विद्यालय रहेका छन् । दरवन्दी नभएका विद्यालयहरुमा राहत दरवन्दी तथापालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलवभत्ता खुवाउने गरि पदपुर्ति गरीपठन पाठनको व्यवस्था मिलाएको छ । · ३५विद्यालयमा१६७शिक्षक दरबन्दी रहेकोमा१५०पदमा स्थायी पदपुर्ती भएको, १७जना करारमा शिक्षक रहेकोदेखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ ।	
४७			**प्रति विद्यार्थी लागत अुनदान** कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को २.१ बमोजिम कक्षा 1 मा नयाँ भर्ना भएका विद्यार्थीलाई रु.100, प्रतिविद्यार्थी लागत अनुदान 1-५ लाई रु.1५0, ६-10 लाई रु.२00, ११-१२ लाई रु २५0 का दरले अनुदान दिने व्यवस्था रहेको छ । नमूना परीक्षण गर्दा सर्वोदय मावि को इमिस अनुसार कक्षा ११-१२ को १४४ विद्यार्थी रहेकोका १८० जनालाई अनुदान उपलब्ध गराएको देखिएकाले बढी ३६ जनाको निकासा रु.९००० असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्ने रु.	९,०००
४८	३७	२०७८-३-२८	**कृषि सम्बन्धि पुस्तक खरिदः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भर्पाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाको कृषि तर्फको योजना कार्यक्रम अन्तर्गत कृषकहरुलाई वितरण गर्नको लागि खरिद गरीएका कृषि ज्ञान सम्बन्धी पुस्तकहरु वितरण गरीएको भर्पाई पेश नभएकाले वितरण भर्पाई पेश गर्नुपर्ने रु	९५,५००
४९			**कृषि।पशुतर्फः**	

Nested table in row ४६:

विद्यालय	शिक्षक दरवन्दी	स्थायी पदपुर्ती	पदपुर्ती मध्ये करार	विद्यार्थी संख्या
३५ वटा विद्यालय	१६७	१५०	१७	२९३७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सरकारी अनुदान रकम वितरण,सहयोग सही एवम समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवम् अनुमोदन हुनु पर्दछ र सो को प्रभावकारी मापन गर्ने संयन्त्र विकास गरी उत्पादन एवम उत्पादकत्व वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन साथै अनुदान वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नु पर्दछ । यस वर्ष पालिकाबाट संचालित व्यक्तिगत समुहगत अनुदानका मुख्य कार्यक्रमहरु देहाय वमोजिम छन् ।	

गो.भौ.नं	विवरण	अनुदान खर्च रकम
१६७।२०७८।३।२४	जनजागरण बाख्रा पकेट समुहलाई अनुदान	५६७१९४
१६७।२०७८।३।२४	सहारा बाख्रापालन समुहलाई अनुदान	७७२४५६
गा।पा। चालु	मासु पसल सुधार ५० प्रतिशत अनुदान	५००००
गा।पा। चालु	माछा पोखरी निर्माण ५० प्रतिशत अनुदान	१०००००
गा।पा। चालु	सहकार्यमा च्यापकटर खरिद	१५००००
गा।पा। चालु	मासुमा आत्मनिर्भर कार्यक्रम	३०००००
गा।पा। चालु	दुधमा आत्मनिर्भर कार्यक्रम	५०००००
गा।पा। चालु	स्थानीय कुखुरा संरक्षणका लागि खोर अनुदान	२५००००
गा।पा। चालु	व्यावसायिक उन्मुख बाख्रा फार्म सुधार	२५००००
गा।पा। चालु	पाडापाडी संरक्षण कार्यक्रम	१०००००
गा।पा। चालु	उन्नत जर्सी क्रस बाच्छी खरिद	३०००००
गा।पा। चालु	बंगुरको वीर वितरण कार्यक्रम	१०००००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				१९।२०७८।२।२२	नमुना अलैची उत्पादन कृषक समुहलाई अनुदान	१०००००		
			यसबाट देखिएको व्यहोराहरु यसप्रकार छन् (क) अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा स्थानीय तहवाट अनुगमन भएतापनि अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । संचालित कार्यक्रमको कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र,कृषि विभाग तथा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयवाट समेत अनुगमन तथा मुल्याङकन कार्य हुने उल्लेख भएकोमा अनुगमन तथा मुल्याङकन भएको पाइएन ।अनुदानवाट प्राप्त लाभको विष्लेषण गरी आगामी दिनमा अनुदानको प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नहुने हुँदा ठुला अनुदानका कार्यक्रम संचालन कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो(संघ,प्रदेश, स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ । (ख) कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानको कार्यक्रम संचालन गर्दै आएको छ । पालिकाले कृषि क्षेत्र तथा पशुक्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र संचालन गरेको देखियो ।एक सरकारले ल्याएका नीतिलाई अर्को सरकारले सहयोग गर्नेगरी कार्यक्रम संचालन गर्नु पर्दछ।					
५०			**प्रधानमन्त्री रोजगार कार्यक्रमः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्वेश्य मुलुक भित्र रोजगारका प्रर्याप्त अवसर सिर्जना गरि उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरि महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी सुचीकृत संख्या १३४६ मध्ये यस वर्ष ३३२ जनालाई१४ दिनदेखि ९८ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत गरी रु १ करोड ६२ लाख ८६ हजार ८ सय ६६ खर्च लेखेका छन् ।					

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>कार्यसम्पादन भन्दा बढी भुक्तानीः
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारक ा शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित आयोजनाहरुको गोश्वरा भौचर नं र मितिबाट कार्यसम्पन्न भएको रकम भन्दा बढी रकम भुक्तानी भएको देखिएकोले उक्त बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.

<table>
<tr><th>भौ।नं।मिति</th><th>आयोजनाको नाम</th><th>बिल रकम</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="4">१६४।२०७८।०३।२३</td><td>गुरुङधारा पोखरी मर्मत जनज्योति पर्खाल</td><td>३०९०३७</td><td>३११२३४</td><td>२१९४</td></tr>
<tr><td>घट्टदेवी बारमुनी टुकुरे र घट्ट भिर हुँदै मोटर बाटोसम्म पदमार्ग निर्माण</td><td>२९४५९७</td><td>२९६७५८</td><td>२१६१
२१६१</td></tr>
<tr><td>ग्यालथुम्का पुछारघर देउराली र ठुलोगैरा टावरसम्म कुवा मर्मत</td><td>३०७४२८</td><td>३०९६८३</td><td>२२५५</td></tr>
<tr><td>सुदला प्रतिक्षालय चौतार खड्गदेवी मन्दिर गोरेटोबाटो</td><td>३६१७२४</td><td>३६३९६८</td><td>२२४४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>८८५४</td></tr>
</table>
</td><td>८,८५४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२	२०	२०७८-३-७	**वितरण भर्पाई पेश नभएकोः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भर्पाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले भौ. न. २०।२०७८।३।७ बाट उन्नत बीउ वितरण ५० प्रतिशत अनुदानकार्यक्रम अन्तर्गत सु.पो. जेठो बुढो धान र उपज हाइबीड धानकोबीउ खरिद गरी वितरण गरेको छ । वितरण भर्पाइमा कुन धान कति मात्रामा वितरण गरिएको स्पष्ट एकिन नभएको र वितरण भर्पाइ पनि पुर्ण नभएकाले खरिद गरिएका उक्त धानका बीउहरु कति जना किसानलाई कति परिमाणमा वितरण गरियो सो को भर्पाइ प्रमाणको रुपमा पेश गर्नुपर्ने रु	१८०,०००

सि।नं।	धानको बिउ	परिमाण	दर	खरिद रकम
१	सु।पो। जेठो बुढो धान	१६४ के।जी	२६०	४२६४०
२	उपज हाइबीड धान	२५० के।जी।	५५०	१३७५००
जम्मा				१८००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३			**पारिश्रमिक कर कट्टी नगरेकोः** आयकर ऐन, २०५८ को दफा ८ मा रोजगरावाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयमा कार्यरत निम्न कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु	२३,१५८
५४	१७५	२०७८-३-२४	**हात्तीपाइले औषधि सेवन कार्यक्रम खर्चः** हात्तीपाइले विरुद्धको आम औषधी सेवन कार्यक्रम संचालन निर्देशिकामा व्यवस्था भए अनुसार आम औषधी सेवन कार्यक्रममा स्वास्थ्यकर्मी परिचालन गर्दा पहाडमा एक स्वास्थ्यकर्मी बरावर १४० जना र तराईमा एक स्वास्थ्यकर्मी बरावर १५० जनालाई औषधी खुवाउनुपर्ने उल्लेख छ । साथै यसरी स्वास्थ्यकर्मी परिचालन गर्दा खटिएका स्वास्थ्यकर्मीलाई यातायात खर्च रु. ५०० र खाजा खर्च रु. २०० गरी एक जनालाई प्रतिदिन रु. ७०० खर्च दिने व्यवस्था छ।हात्तीपाइले विरुद्धको आम औषधी सेवन कार्यक्रम खर्च फाँटवारी परीक्षण गर्दा कुल १०५५१ जनसंख्यालाइ निर्देशिका वमोजिम वढीमा ७५ जना स्वास्थ्यकर्मी र सोही अनुपातमा स्वयमसेविका परिचालन गरी रु.९४७००। खर्च लेख्नुपर्नेमा ७१ जना स्वास्थ्यकर्मी र १५७ जना स्वयमसेविका परिचालन गरी रु १४३९०० खर्च लेखेको छ।यसरी निर्देशिकाले तोकेको भन्दा वढी ८२ जना स्वास्थ्य स्वयसेविका परिचालन गरी प्रति जना यातायात खर्च रु ४०० र खाजा खर्च रु २०० अनुसार वढी खर्च लेखेको रकम सम्वन्धित व्यक्तिवाट असूल हुनुपर्ने रु.	४९,२००

Table within item ५३:

पद नाम थर	वार्षिक आय	कट्टी रकम	करयोग्य आय	तिर्नुपर्नेकर	तिरेको कर	नपुग कर
केशवराज क्षेत्री	४९३३५०	००	४९३३५०	८८३५	४५००	४३३५
पदम बहादुर पुन	७०१६५८	११९०१६	५८२६४२	२१०२८	४५००	१६५२८
नर बहादुर थापा	५७०५३२	९७५८४	४७२९४८	६७९५	४५००	२२९५
जम्मा						२३१५८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**औषधि खरिद तथा व्यवस्थापनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर पालिकाले उक्त प्रक्रिया वेगरविभिन्न मितिमा विभिन्न सप्लायर्सवाट रु-३५ लाख ९० हजारको औषधि सोझै खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः · खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको · आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर रम्याद सम्बन्धमा यकिन गर्न सकिएन। · औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको। · औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनुपर्ने एकमुष्ट घटाउने गरेको। तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**सोझै खरिद** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ वमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु ५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रु २० लाख सम्म सिलवन्दी दरभाउपत्रवाट र सो भन्दा माथि वोलपत्रको माध्यमवाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमा भन्दा वढीको खरिद गर्न नहुने एवं एउटा आपुर्ति कर्ता संग एक पटकभन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष पुँजिगत शिर्षकवाट निर्माण कार्य गराउदा निम्नानुसार एउटै निर्माण व्यावसायी संग एक पटक भन्दा वढी सोझै खरिद गरेको अनियमित देखिएको रु	२,३१०,०४५

गो भा न र मिति	कार्यको विवरण	निर्माण व्यावशायी/फर्मको नाम	रकम
४०।०७७।७।२७	मोटरसाइकल खरिद	भि.एस अटोमोवाइल्स	३९३८१४
१३१।०७७।१०।२८	मोटरसाइकल खरिद	रारा अटोमावाइल्स	२६३५००
९५।०७७।९।२८	फर्निचर खरिद	सृष्टी फर्निचर उधोग	२१६७३४
२१०।०७८।२।२६	फर्निचर खरिद	सृष्टी फर्निचर उधोग	४८८६१२
८।०७८।३।२२	फर्निचर खरिद	सृष्टी फर्निचर उधोग	४०००००
५८।०७७।९।१०	मेशिनरी औजार	प्रोफेसनल कम्प्युटर इन्स्टिच्युट	४३२५००
३००।०७८।३।२९	मेशिनरी औजार	न्यु कम्प्युटर वजार डिजीटल कम्प्युटर हाउस	११४८८५
जम्मा			२३१००४५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>कार्यसम्पादन जमानतको म्याद थप गर्नु पर्ने
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० को उपनियम (१) अनुसार कार्यसम्पादन जमानत पेस गर्दा उपनियम (४) मा खरिद सम्झोतामा अन्यथा व्यवस्था भएकोमा वाहेक उपनियम (१) वमफजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झोतामा उल्लिखित मालसामान आपुर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभुतिको अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख छ । पालिकाले ठेक्का नम्वर NCB/RW/BRM/2077/078/03 पेरिवाङ बरेङ सडक निर्माण को लागि रु.१७११४७०६।७४ मा मिति २०७८।३।२५ मा कार्यसम्पन्न गर्नेगरी २०७८।१०।२८ मा सम्झौता गरेकोमा म्याद थपवाट २०७८ पौष मसान्त सम्ममा कार्यसम्पन्न गर्ने अवधि रहेको पाइयो सो अनुसार निर्माण व्यावसायीले २०७९ माघ मसान्त सम्मको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा नेपाल वंगलादेश वैंकवाट रु २२००९१२।०० को २०७९ श्रावण मसान्त सम्मको म्याद रहेको कार्यसम्पादन जमानत पेश गरेकोले म्याद थप अनुसार कायम भएको अवधि भन्दा १३ महिना पछि सम्म कायम भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा नभएको देखिएकोले कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्ने रु</td><td>२,२००,९१२</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>परामर्श खर्च
सार्वजनिक खरिद ऐन २०६३ को दफा २९(१) मा सार्वजनिक निकायले सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म सस्था वा कम्पनीवाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था भएकोमा पालिकामा कार्यरत जनशक्तिवाट काम हुन सक्ने नसक्ने सम्वन्धमा कुनै स्पष्ट नगरी निम्नानुसारको गोश्वारा भौचर नम्वर र मितिवाट देहायको कार्यवापत रु १९५६३१२।०० खर्च लेखेकोमा पालिकाको प्राविधिकवाट कार्यहुन सक्ने नसक्ने सम्वन्धमा स्पष्ट नगरी परामर्श खर्च लेखेको छ । पालिकमा कार्यरत प्राविधिकवाट हुन सक्ने नसक्ने स्पष्ट गरी एकै प्रकृतिको कार्यलाई एउटै प्याकेज वनाई प्रतिस्पर्धाको माध्यमवाट परामर्शको कार्य गराउनु पर्दछ ।
<table>
<tr><th>गो भा न र मिति</th><th>योजनाको नाम</th><th>परामर्शदाता</th><th>खर्च रकम</th></tr>
<tr><td>१।७८।३।२३</td><td>Geo technical investigation 0f hugdisar प्राथमिक अस्पताल</td><td>ईगल्स सोलुसन प्रा लि</td><td>४९७७६५</td></tr>
<tr><td>२।०७८।३।१७</td><td>प्रशासकिय भवनको विस्तृत परियोजना प्रतिवेदन तयारी</td><td>बारबारा इन्जिनियरिङ कन्सल्टेन्सी</td><td>१४५८५४७</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१९५६३१२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>
प्रोभिजनल समको रकम भुक्तानी
निर्माण व्यावसायी संग भएको खरिद सम्झौतामा प्रोभिजनल सममा व्यवस्था भएको रकम वाट भुक्तानी गर्दा वास्तविक लागत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सो अनुसार प्रोभिजनल सममा राखेको आइटमको रकम खर्च गर्नु परेमा निर्माण व्यावसायीले सो आइटममा भएको सो आईटमको काममा भएको खर्चको विलभर्पाइ समेत संलग्न गरी भुक्तानी दावि गर्नु पर्दछ । कार्यालयले प्रोभिजनल सममा व्यवस्था भएको निम्नानुसारको कार्यवापतको रकम भुक्तानी दिएकोमा विलभर्पाइ वेगर भुक्तानी दिएकोले उक्त रकम सम्वन्धित निर्माण व्यावसायी वाट अशूल गर्नुपर्ने रु
<table>
<tr><th>गो भा न र मिति</th><th>निर्माण व्यावसायीको नाम</th><th>कार्यको विवरण</th><th>रकम</th></tr>
<tr><td rowspan="2">१२८।०७७।१०।७</td><td rowspan="2">कार्कि व्रदर्श कन्सट्रक्शन</td><td>ल्याव टेष्ट</td><td>२००००</td></tr>
<tr><td>विमा</td><td>६००००</td></tr>
<tr><td>१८,५७,१९०,२२४,२९० ,८३</td><td rowspan="2">पन्थ निर्माण सेवा</td><td>Quality control laboratory with equipment</td><td>१०००००</td></tr>
<tr><td></td><td>Relocation of services and reparing for existing infrastructure protection of house</td><td>५६७६२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२३६७६२</td></tr>
</table>
</td><td>२३६,७६२</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>
सोझै खरिद
सार्वजनिक खरिद ऐन, २०६३को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ।साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाख देखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु.२० लाख भन्दा बढी लागत अनुमान
</td><td>१,८१७,५३९</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भएको निर्माण कार्य, माल सामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ।बर्षभरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपूर्ती गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गर्नु नियम सम्मत नदेखिएको रु.	

भौ.नं	खरिद विवरण	भुक्तानी पाउने	खरिद रकम
१७।०७७।७।४	स्टेशनरी सामाग्री छपाई	आदर्श अफसेट प्रिन्टर्स	२१२०००
३६।०७७।७।२६	स्टेशनरी सामाग्री छपाई	धौलागिरी अफसेट प्रेस	४३२४८५
६७।०७७।९।१०	स्टेशनरी सामाग्री खरिद	हेमन्त स्टेशनरी एण्ड बुक्स सप्लायर्स	४२४५१
७९।०७७।९।१२	स्टेशनरी सामाग्री खरिद	पाण्डे एजुकेशनल गुड्स सप्लायर्स प्रा लि	४४८०४५
९६।०७७।९।२८	मसलन्द तथा कार्यालय सामाग्री खरिद	अफिस सामान सप्लाई स्टोर्स	७७०३२
२८५।०७८।३।८	मसलन्द तथा कार्यालय सामाग्री खरिद	विभिन्न सप्लायर्सबाट	३६८९११
६७।०७७।९।१०	मसलन्द तथा कार्यालय सामाग्री खरिद	न्यू कम्प्युटर बजार खरिद तथा विक्रि केन्द्र	९६६१५
९७।०७७।९।२८	मसलन्द तथा कार्यालय सामाग्री खरिद	प्रोफेसनल कम्प्युटर शप	१४००००
जम्मा			१८१७५३९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१			**उपभोक्ता समिति मार्फत खरिद** सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम उपभोक्ता समिति मार्फत सामाग्री खरिद गर्न नपाइने व्यवस्था छ । पालिकाले देहायबमोजिम उपभोक्ता समिति मार्फत सामाग्री खरिद गरेको नियम सम्मत नदेखिएको रु.	२००,०००

भौचर/मिति	उपभोक्ता समितिको नाम	खरिद विवरण	भुक्तानी रकम
१९१।०७७।१२।९	बाटाकाचौर सामुदायिक ग्रामीण विद्युतीकरण उपभोक्ता समिति	टि ओ डी मिटर खरिद	१०००००
३१२।०७८।३।१८	संस्कृति संरक्षक पोशाक उपभोक्ता समिति	पोषाक खरिद	१०००००
जम्मा			२०००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२</td><td></td><td></td><td>

हेभि इक्युपमेन्टो प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

<table>
<tr><th>गो भा न र मिति</th><th>योजनाको नाम</th><th>प्रयोग गरेको हेभी इक्विपमेन्ट</th><th>रकम</th></tr>
<tr><td>७७।०७७।९।१३</td><td>माँझगाउ देखि भुगानेसम्म मोटर वाटो</td><td>एक्जाभेटर</td><td>११६४००</td></tr>
<tr><td>५४।०७७।९।३</td><td>ठुला दलेङ हुँदै काफल ठट्टा मोटर वाटो निर्माण</td><td>एक्जाभेटर</td><td>२९१०००</td></tr>
<tr><td>१६५।०७७।१२।३</td><td>हुग्दीशिर मोटर वाटो मर्मत</td><td>एक्जाभेटर</td><td>११६४००</td></tr>
<tr><td>२६९।०७८।३।२२</td><td>ओख्रेनी छाप,उलैनी गडेल सडक उपभोक्ता समिति</td><td>एक्जाभेटर</td><td>१९४००००</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३</td><td></td><td></td><td>

मुल्य अभिवृद्धि कर वढी भुक्तानी

सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत भएको कार्यमा मुल्य अभिवृद्ध कर भुक्तानी दिदा उपभोक्ताले मुल्य अभिवृद्धि कर लाग्ने सामाग्री खरिद गर्दा तिरेको मुल्य अभिवृद्धि कर मात्र भुक्तानी दिनु पर्दछ । निम्नानुसारको योजनामा निम्न सामाग्री खरिदमा उपभोक्ताले खरिदमा तिरेको मुल्य अभिवृद्धि कर भन्दा वढी मुल्य अभिवृद्धि कर तिरेको देखिएकोले वढी भुक्तानी भएको मुल्य अभिवृद्धि कर अशूल गर्नुपर्ने रु

<table>
<tr><th>गो भा न र मिति</th><th>योजनाको नाम</th><th>सामाग्री</th><th>विलमा तिरेको मु अ कर</th><th>भुक्तानी भएको मुल्य अभिवृद्धि कर</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>२७१।०७८।३।२२</td><td>गाँउपालिका स्तरीय रिङरोड निर्माण</td><td>सिमेन्ट</td><td>४८५८७</td><td>५९८००</td><td>११२१३</td></tr>
<tr><td></td><td>महेन्द्र मा.वि २ कोठे कक्षा कोठा निर्माण</td><td>इटा खरिद</td><td>१८०७०</td><td>३५०२१</td><td>१६९५१</td></tr>
<tr><td>२८५।०७८।३।२७</td><td>धुल्लु लिउवा मा वि भवन निर्माण</td><td>सिमेन्ट</td><td>३११७३</td><td>४१८७०</td><td>१०६९९</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३०५९८</td></tr>
</table>

</td><td>३०,५९८</td></tr>
<tr><td>६४</td><td>२६९</td><td>२०७८-३-२२</td><td>

दररेट फरक पारी वढी भुक्तानी

२६९।०७८।३।२२ सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार पालिकाले स्वीकृत जिल्ला दर रेट अनुसार निर्माण कार्यको भुक्तानी दिनु पर्दछ ।ओंखरेनी छाप,उलैती,गडेल सडक निर्माण उपभोक्ता समितिलाई पहिरो पन्छाउने कार्य वापत डोजार लगाई कार्य गरेको ३००० घन मिटरको प्रति घन मिटररु. ८४।७५ का दरले रु २५४२५०।०० मुल्याङ्कन भइ भुक्तानी भएको छ । आर्थिक वर्ष २०७७।०७८ को स्वीकृत जिल्ला दर रेट पहिरो मेशिन द्धारा पहिरो पन्छाउने कार्यको लागि रु ५६।५० रहेकोले स्वीकृत जिल्ला दर रेट भन्दा रु २८।२५ का दरले वढी भुक्तानी भएकोले सम्वन्धित उपभोक्ता समितिवाट असूल गर्नुपर्ने रु. ८४७५०।००

</td><td>८४,७५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५			**जनश्रमदान कट्टा नगरी वढी भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा धुल्लु लिउवा मा वि भवन निर्माण कार्यको लागि कार्यालयवाट रु १८७९०७५।०५ र उपभोक्ता समितिवाट रु२१३९२७।६१ व्यहोर्ने गरी रु २०९३००२।६५लागत अनुमामन तयार गरी सम्झौता भएकोमा रु २०१९१४२।७६ को कार्यसम्पन्न प्रतिवेदन पेस भएकोल उपभोक्ता समिति लाई रु१८१२५५४।०० भुक्तानी दिनु पर्नेमा गो भौ न २२२।०८।३।८ र २८५।२०७८।३।२७ रु. १८७९०७५।७६ भुक्तानी दिएकोले वढी भुक्तानी भएको रु ६६५२१ असूल हुनुपर्ने रु.	६६,५२१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६			**विलभर्पाइ कम भएकोमा वढी मुल्याङ्कन भइ भुक्तानी** सार्वजनकि खरिद नियमावली,२०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्यसम्पन्न गरेपछि सम्वन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मृचारीवाट त्यस्तो कामको जाचपास गराइ त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागितवाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेस गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले भुक्तानी गर्दा आयोजनाको कार्यसम्पादन प्रतिवेदन बमोजिम प्राविधिकबाट मूल्याङ्कीत रकम अनुसारको बिल भरपाई पेश भए नभएको एकिन गरेर मात्र भुक्तानी दिनुपर्दछ । तपसिल बमोजिमका आयोजनाहरुको फरफारख गर्दा प्राविधिकबाट मूल्याङ्कीत रकम अनुसार खुद कार्यको बिल भरपाई नपुग देखिएकाले बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	२६९,३२५

भौ. नं. / मिति	योजना / कार्यक्रम	लागत अंक	मूल्याङ्कीत अंक	बिल रकम	बढि भुक्तानी
९७, २०७७।१०।०४	खाल्ले खोलाखर्क मोटरबाटो निर्माण	१६४५८७।५०	१६४८७६।२५	१४९८८७।५०	१४९८८।
१००,२०७७।१०।०४	गुरुङधारा खरिबोट पहिरो नियन्त्रण तथा नाली निर्माण	२१७३३२।	२१८४८०।५८	२१४९००।	३५८०।
८४,२०७७।०९।२६	मोटरबाटो सरसफाई	१०७८११०।	१०७८४४०।	९८०४००।	९८०४०।
८६, २०७७।०९।२६	चित्रे नुन्थला ठूलोपोखरा मोटरबाटो निर्माण	४४३८२९।३८	४४४२८५।६०	४०३८९६।	४०३९०।
१२२, २०७७।१०।०५	छाप गँडेल मोटरबाटो निर्माण	२१६३६४।८०	२१६५९०।५५	१९६६६८।५०	१९९२२।
१२३, २०७७।१०।०५	धुल्लुबाँस्कोट मोटरबाटो सरसफाई	६४७१२८।४६	६४९७५७।९०	५९०६८९।	५९०६८।
१६०,२०७७।११।१६	धनमुडा चौर लिग्दी मोटरबाटो मर्मत	१६३९७५।८८	१६४३५७।८१	१३१०२०।३१	३३३३७।
जम्मा					२६९३२५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६७			**सक्कल विजक पेश गर्नुपर्ने** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजातहरु सिलसिलाबद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको भौचर नम्वर र मितिवाट देहायको कार्यवापत फोटोकपी बिलको आधारमा भुक्तानी गरेको देखिएकोले सक्कल कर बिजक पेश गर्नुपरर्ने रु	६८६,३६२

भौ. नं. / मिति	योजना / कार्यक्रम	रकम रु.
२२८, २०७८।०३।०९	संगठन तथा व्यवस्थापन सर्वेक्षण	२,४८,६००
२३४, २०७८।०३।१८	कम्प्यूटर सफङ्वयर VPS cloud service खरिद	३६,६१२
३१७, २०७८।०३।३०	योजना व्यवस्थापन सफ्ङ्वयर	४,०१,१५०
जम्मा		६८६३६२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६८			**सामाजिक सुरक्षा तर्फः** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै गर्नुपर्ने परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६९			**लगत कट्टा पश्चात भत्ता वितरणः** **लगत कट्टा पश्चात भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता नियमावली,२०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाईरहेको व्यक्तिको मृत्य भएमा वा त्यस्तो व्यक्ती सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा निजको नाम सामाजिक सुरक्षा भत्ता पाउने अभिलेखवाट हटाउनुपर्ने व्यवस्था छ।नमुना छनोट गरी श्रेस्ता परीक्षण गर्दा देहाय वमोजिमका लाभग्राहीको लगत कट्टा पश्चात पनि भत्ता रकम निकासा भएको देखियो ।उक्त लगत कट्टा पश्चात भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	६६,०००

वडा नं	सि।नं।	लाभग्राहीको नाम	लगत कट्टाको मिति	निकासा भएको रकम	निकासा हुनुपर्ने रकम	बढी निकासा
१	१	भविलाल कामी	२०७७।०६।१७	१२०००	९०००	३०००
	२	उमाकली मगर्नी भन्ने अम्मा कुमारी	२०७७।४।१	२४०००	०	२४०००
	३	नर बहादुर थापा	२०७७।४।३०	१२०००	३०००	९०००
	४	चन्द्र बहादुर थापा	२०७७।४।१	२४०००	०	२४०००
२	५	डिले कामी	२०७८।२।१	१२०००	९०००	३०००
	६	जैकली सुनार	२०७८।२।३	१२०००	९०००	३०००
जम्मा						६६०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७०			**निष्क्रिय खाताः** ३ किस्ता मध्ये एक किस्तापनि भत्ता नबुझेका, विभिन्न कारणले बढी निकासा भएको एवं भत्ता प्राप्त गर्न अयोग्य भई आर्थिक वर्षको अन्त्य सम्ममा लाभग्राहीको नाममा बैंक खातामा बाँकी रहेका सामाजिक सुरक्षा रकम सम्बन्धित बैंकहरुबाट कार्यालयले सबै वडाहरुको विवरण माग गरी बैंक खातामा रहेको मौज्दात रकम एकिन गरी अभिलम्ब संघीय संचितकोषमा दाखिला गर्नु आवश्यक देखिन्छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td></td><td></td><td>सम्परीक्षण
यो वर्ष सम्परीक्षणको लागि रु.९६२८९७।०० पेश भएकोमा सम्परीक्षण गरिएको छ ।
<table>
<tr><th>सि .न</th><th>आ.व</th><th>वेरुजु दफा नं</th><th>वेरुजुको संक्षिप्त व्यहोरा</th><th>फस्यौंटको आधार</th><th>सम्परीण</th></tr>
<tr><td>१</td><td>०७६।०७७</td><td>३०</td><td>३१ जनालाइ वितरण गरिएको भर्पाइ पेश नभएको</td><td>प्रमाण</td><td>२२३५८५</td></tr>
<tr><td>२</td><td>०७६।०७७</td><td>३५</td><td>घट्टे घाट झोलुङगेपुल पेश्की</td><td>प्रमाण</td><td>२३५७६५</td></tr>
<tr><td>३</td><td>०७६।०७७</td><td>३५</td><td>भण्डार खोला झोलुङगेपुल पेश्की</td><td>प्रमाण</td><td>५०३५४७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>९६२८९७</td></tr>
</table></td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>अध्यावधिक बेरुजु
अधावधिक वेरुजु – यस पालिकाको २०७६।०७७ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
रु हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बाँकी वेरुजु (A)</th><th>यो वर्ष सम्परीक्षण गरीएको बेरुजु (B)</th><th>यो वर्ष कायम बेरुजु (C)</th><th>सम्परीक्षणवाट कायम बेरुजु (D)</th><th>अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D)</th></tr>
<tr><td>३४५६३</td><td>९६३</td><td>१४२६५</td><td>०</td><td>४७८६५</td></tr>
</table></td><td></td></tr>
</table>